# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८०।१२।१६ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला दाङ्ग, वेला गा.वि.स.-१ मा रहेको श्री जनज्योति माध्यमिक विद्यालयमा शैक्षिक सत्र २०७२ र २०७३ मा विद्यालयमा अध्ययनरत विद्यार्थीहरुबाट निजी श्रोत शिक्षकलाई तलब खुवाउने बहानामा विभिन्न शीर्षकमा चर्को शुल्क लिई अनियमितता गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा **श्री जनज्योति माध्यमिक विद्यालयका तत्कालीन लेखापाल चुडामणी पोखेलले** आ.व. २०७२/०७३ मा लेखा श्रेस्ता दुरुस्त नराखेको, रसिद अनियन्त्रित रुपमा प्रयोग भएको, कतिपय अवस्थामा रसिदको प्रयोग नगरी रकम लिएको, विद्यार्थीहरुबाट दोब्बर दस्तुर लिएको, रसिदमा उल्लेख गरेकोभन्दा बढि रकमसमेत लिने गरेको, राखेको लेखा श्रेष्ताले स्पष्ट विवरण दिन नसकेको, रसिद नियन्त्रण खाता नभएको, कुनै कारोबारमा रसिद प्रयोग नगरी कागजको चिटको भरमा रकम उठाएको, विद्यार्थीबाट उठेको रकम मनोमानी खर्च गरेको, तत्कालीन समयमा छानबिन समितिले विद्यालयको आ.व.०७२/७३ को आयव्ययको विवरण सार्वजनिकरण गर्ने बैठकमा सामेल भई हस्ताक्षर गरेको र अभिभावक सहितको बैठकमा उक्त प्रतिवेदन अनुमोदन भएको जसमा निज लेखापाल चुडामणी पोखेलको नाममा बेरुजुसमेत देखाएको र सो बैठकमा आफूसमेत सामेल भएर निर्णय स्वीकार हस्ताक्षर गरेको, बचत रहेको रु.८,९२,२६७।७० बराबरको रकम विद्यालय व्यवस्थापन समितिलाई कुनै पनि हिसाब नदेखाएको र बैंकमा डिपोजिट पनि नदेखिएकोले निज चुडामणी पोखेललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रु.८,९२,२६७।७० (आठ लाख बयानब्बे हजार दुई सय सतसठ्ठी रुपैयाँ सत्तरी पैसा) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना सजाय हुन र सोही ऐनको दफा १७ बमोजिम बिगोसमेत असुल उपर हुन मागदावी लिइएको छ।

**श्री जनज्योति माध्यमिक विद्यालयका तत्कालीन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जगदिश चौधरीले** आफूखुसी चेक काटी रकम निकासा गरेको, तर उक्त चेक के का लागि काटिएको भनी उल्लेख नभएको र निकासा भएको रकमको खर्चको विवरणसमेत नराखेको, विद्यालयको आ.व. २०७२/०७३ को लेखापरीक्षण प्रतिवेदनमा समेत प्रतिवादीले आफ्नो नाममा रु.२,२०,०००/- चेक काटी रकम झिकेको तर के का लागि भनी नखुलेकोबाट निज जगदिश चौधरीले उक्त रकम हिनामिना गरेको पुष्टि भएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रु.२,२०,०००/- (दुई लाख बीस हजार रुपैयाँ) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना सजाय हुन र सोही ऐनको दफा १७ बमोजिम बिगोसमेत असुल उपर हुन मागदाबी लिई आज बिशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
नरहरि घिमिरे